नेपाल सरकार

## युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाण्डौं ।

# कार्यालय मसलन्द तथा छपाई सम्बन्धी सामानहरु खरिद गर्ने कार्यको लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

सूचना प्रकाशित मिति २०७६।०६।०१ गते

यस मन्त्रालयको लागि आ.व. २०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यालय मसलन्द तथा छपाई सम्बन्धी सामानहरु खरीद गर्न प्रचलित खरीद ऐन तथा नियमावली अनुसार यो सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ. ।

१. सिलबन्दी दरभाउपत्रदाताले पालना गर्नुपर्ने सर्तहरु सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख गरिएको छ ।

२. सिलबन्दी दरभाउपत्र फाराम प्राप्त गर्नका लागि निवेदकले आ.व. २०७६/७७ का लागि नविकरण गरेको सम्वन्धित कामको इजाजत प्राप्त फर्म वा कम्पनी दर्ता, स्थायी लेखा नं. दर्ता, मु.अ.कर दर्ता प्रमाणपत्र तथा आ.व. २०७४/७५ सम्मको कर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरुका साथै रु.१० को टिकट टाँस गरेको निवेदन, एभरेष्ट बैंक लि. सिंहदरबारमा रहेको राजश्व खाता नं. ००१००१०६२०००००, राजश्व कोड नं. ३०५०४३५०६, राजश्व शिर्षक नम्बर १४२२९ मा रु.१०००।- जम्मा गरको सक्कल भौचर संलग्न गरी यस मन्त्रालयको भण्डार फाँटबाट सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र प्राप्त गर्न सकिनेछ।

३. सिलबन्दी दरभाउपत्र खरिदकर्ताले आफूले खरिद गरेको सिलबन्दी दरभाउपत्र फाराम भरी यो सूचना प्रकाशन भएको मितिले १६ औं दिनको १२.०० बजेसम्म युवा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाण्डौंमा दर्ता गरिसक्नु पर्नेछ । प्राप्त सिलबन्दी दरभाउपत्रहरु सोही दिनको १.०० बजे सिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा वा अनुपस्थितिमा पनि यस मन्त्रालयमा खोलिनेछ ।

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिनमा सार्वजनिक विदा परेमा सोको लगत्तै कार्यालय खुल्ने दिनलाई सिलबन्दी दरभाउपत्र खरिद गर्ने तथा पेश गर्ने अन्तिम दिन कायम गरिनेछ ।

५. सिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।

६. सिलबन्दी दरभाउपत्रदाताले जमानत वापत रु १५०००।-श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सिंहदरवार, काठमाडौको एभरेष्ट बैक, सिंहदवारमा रहेको धरौटी खाता नं. १३५००१ (कार्यालय कोड नं. ३४३००३५०१) मा यस मन्त्रालयको प्रयोजनका लागि जम्मा गरेको सक्कल भौचर अथवा यस मन्त्रालयको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त भएको 'क' वर्गको वाणिज्य बैंकले जारी गरेको शर्तरहितको बैंक ग्यारेन्टी (बीड बण्ड) शिलबन्दी दरभाउपत्रकासाथ पेश गर्नु पर्नेछ । पेश गरिएको बैंक ग्यारेन्टी शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ (पचहत्तर) दिन म्याद भएको हुनुपर्नेछ ।

७. सिलबन्दी दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र फाराम खरिद गरी खामको बाहिरपट्टी कार्यक्रमको नाम लेखी सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

८. रीत नपुगेको वा तोकिएको म्यादभित्र प्राप्त नभएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. सिलबन्दी दरभाउपत्र पूरा वा आंशिक रुपमा स्वीकार गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ ।

१०. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

११. यस सम्वन्धी विस्तृत जानकारीका लागि कार्यालय समयभित्र उपस्थित भई यस मन्त्रालयवाट वा फोन नं. ०१-४२००५५३ मा सम्पर्क गरी बुझ्न सकिनेछ र मन्त्रालयको वेवसाइट www.moys.gov.np मा पनि हेर्न सकिनेछ ।

| क सं. | विवरण | प्रस्तावित संख्या | जमानत रकम | सिलबन्दी दरभाउपत्र फाराम दस्तुर फिर्ता नहुने)गरी |
|---|---|---|---|---|
| १ | कार्यालय मसलन्द तथा छपाई सम्बन्धी सामानहरु | दरभाउपत्र फारममा उल्लेख भए अनुसार | रु.१५०००।- | रु.१०००।- |

shree/desktop/store